# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः५) मकवानपुर, कार्तिक २३ गते, २०८० साल (संख्याः४

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

## विपद् प्रभावित व्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८०

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

कैलाश गाउँपालिकाकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १८ मा भएको व्यवस्था र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपूर्ती स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित वनाउन वाञ्छनीय भएकोले,

कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस मापदण्डको नाम "विपद प्रभावित व्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

(ख) यो मापदण्ड राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषाः

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मापदण्ड" भन्नाले विपद् प्रभावित व्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० भन्ने सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले कैलाश गाउँपालिकाको विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ भन्ने सम्झनु पर्छ ।

(ग) "विपद व्यवस्थापन समिति" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले कैलाश गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "विपद" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

### ३. बजेट विनियोजन

गाउँपालिकामा विपद् व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ । कोषको स्थापना नभएको अवस्थामा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विपद् व्यवस्थापन शीर्षकमा आवश्यकता अनुसार बजेट विनियोजन गरी सोही शीर्षकबाट खर्च गर्नुपर्नेछ ।

## परिच्छेद - २

## राहत व्यवस्थापनको अवधारणा लक्ष्य, उद्देश्य र नीति

**४. राहत वितरण तथा आर्थिक सहयोगको अवधारणा :**

कैलाश गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपदबारे सचेतना अभिवृद्धि गर्दै विपदबाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पीडित परिवारको पहिचान गरी राहत सहयोग पु-र्याउनु नै कोषको अवधारणा हुनेछ ।

**५. लक्ष्यः**

प्राकृतिक तथा मानव सृर्जित प्रकोपमा परेका परिवार, संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पु-र्याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरी मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

**६. उद्देश्य :**

राहत व्यवस्थापनको उद्देश्यहरु देहायबमोजिम हुनेछन्:

६.१ विपद पीडितको उद्धार तथा पुनःस्थापनाका लागि स्थानीय तह, जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघ संस्था बीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

६.२ विपद पीडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

६.३ विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनीकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने ।

६.४ विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबै निकायहरुका बीच समन्वय गर्ने ।

६.५ विपदबाट पीडित व्यक्तिहरुलाई तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

**७. नीति**

७.१ विपद पीडितको तत्काल उद्धार गर्ने ।

७.२ विपद पीडितलाई उद्धार पछि राहत सहयोग उपलब्ध गराउने ।

७.३ विपद पीडितहरुलाइ पहिचान गरी तत्काल पुनःस्थापनका लागि सहयोग पु-र्याउने ।

७.४ विपद पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरु बीच समन्वय गर्ने ।

## परिच्छेद - ३

## राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

### ८. राहत व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः

८.१ राहतको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि देहायबमोजिम व्यवस्थापन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| (ख) उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | - सदस्य |
| (ङ) रेडक्रस सोसाइटी गाउँपालिका शाखा हेर्ने | - सदस्य |
| (च) नेपाल पत्रकार महासंघ गाउँपालिका | - सदस्य |
| (छ) गाउँपालिकाको प्रशासन/योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य सचिव |

८.२ व्यवस्थापन समितिको बैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

८.३ बैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले बैठक बोलाउनेछ ।

८.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

८.५ व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ । तर पहिलो पटक गणपुरक संख्या नपुगेमा दोश्रो पटक ३३ प्रतिशत पुगेमा बैठक बस्नेछ ।

८.६ बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गर्नुपर्नेछ ।

### ९. समितिको काम, कर्तव्य र अधिकारः

९.१ समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) विपदबाट पिडित व्यक्ति परिवार र संघसंस्थालाई तत्कार राहत उपलब्ध गराउने,

(ख) विपदबाट पिडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने ,

(ग) राहत वितरण गर्ने तथा वितरणमा संलग्न रहेका निकायहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समीक्षा गर्ने,

### १०. अध्यक्षको काम, कर्तव्य र अधिकारः

अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

(क) बैठकको अध्यक्षता गर्ने

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

(घ) समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

(ङ) राहत वितरणका कार्यमा पारदर्शिता कायम गराउने

(च) राहत व्यवस्थापनको बैठक सहभागितात्मक रुपमा गराउने

(छ) राहत वितरणका लागि अन्य निकाय, संघ/संस्था सँग समन्वय गर्नूपर्ने भए गर्ने गराउने

(ज) राहत वितरणका लागि विपद् व्यवस्थापन कोषबाट बजेट स्वीकृत गर्न गराउने

(झ) राहत वितरण कार्यको अनुगमन तथा मुल्याङकन गर्ने गराउने ।

## ११. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

राहत व्यवस्थापन सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने

(ग) सम्बन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने

(घ) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने

(ङ) राहत सामाग्री तथा चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने

(च) अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## १२. सदस्यको काम, कर्तव्य र अधिकारः

सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बैठकमा उपस्थित भई छलफलमा सकियतापूर्वक भाग लिने,

(ख) अध्यक्षको काममा सहयोग पु-याउने,

(ग) तोकिएको जिम्मेवारीलाई पुरा गर्ने,

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

(ङ) अध्यक्षले तोकेको अन्य दायित्व निर्वाह गर्ने,

(च) राहत वितरण कार्यान्वयन गर्न सहयोग पु-याउने ।

## परिच्छेद - ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१३. आर्थिक व्यवस्थाः** राहत वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत गाउँपालिकामा रहेको विपद् व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ । यो कोषबाट बजेट नपुग भएमा कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी अन्य श्रोत जुटाउन सक्नेछ ।

## १४. प्रशासनिक व्यवस्थाः

राहत व्यवस्थापनको लागि प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरुबाट नै सञ्चालन गरिनेछ ।

**१५. बैठक भत्ताः**

राहत व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रितलाई गाउँ कार्यपालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराइनेछ ।

**१६. राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछः

(क) विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धार को व्यवस्था गरिनेछ ।

(ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

(ग) वडा समितिको बैठक द्वारा विपद प्रभावित वा पीडितहरुको सर्जमित मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति बाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस व्यवस्था मिलाइनेछ ।

(ङ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**१७. विपद प्रभावित वर्गीकरण :**

गाउँपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :

(क) प्रभावित

प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः भुकम्प, वाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं, जनावर आतङ्क आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

(ख) आंशिक प्रभावित

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु-र्याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

(ग) अति प्रभावित

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भई जीविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

**१८. राहत वितरण व्यवस्थापन क्षेत्रः**

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (क) वर्गीकरणमा परेकाहरुलाई बढीमा ५ हजार सम्म उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार ७ हजार सम्म उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,

(अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु २०,०००/-

(आ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु १५,०००/-

(इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु ५,०००/-

(ई) शारीरिक रुपमा घाइते भई उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु ७,०००/-

(उ) महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरु अति प्रभावितको सिफारिसमा परेका संघ संस्थाहरुको हकमा मर्मत संम्मार तर्फ रु १००००/- तथा अन्य संस्थाहरुलाई रु ५०००/-

(ऊ) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाय तथा गोठको क्षती भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र ( क्षेतीको विवरण) | सहयोग गर्ने रकम |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा (प्रति गोठ) | रु ५०००—रु २५००० |
| २ | कुखुराको खोर नष्ट भएमा (प्रति खोर) | रु २०००—रु २०००० |
| ३ | गाई, गोरु तथा रागाँ, भैसी (प्रति गोटा) | रु ३००० |
| ४ | बोका, बाख्रा, भेडा, च्यांग्रा (प्रति गोटा) | रु २००० |
| ५ | हाँस, कुखुरा (प्रति गोटा) | रु १५० |

| | | |
|---|---|---|
| ६ | माछा पोखरी (प्रति पोखरी) | रु ५००० |

**१९. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** गाउँ कार्यपालिकाको कार्यालयमा दफा १८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

(च) अन्य आवश्यक प्रमाणहरु ।

**२०. कार्यविधिको संशोधनः**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा विद्यान समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२१. बचाउ र खारेजीः**

(क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

(ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

प्रमाणिकरण मितिः २०८० कार्तिक २४

आज्ञाले

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत